श्री काटमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं

वार्ताबाट मोटरसाईकल बिक्री गर्ने सम्बन्धि अत्यन्त जरूरी सुचना

सूचना प्रकाशन मितिः २०७५।०३।१८

यस अदालतबाट पहिलो पटक मिती २०७५/०२/१४ मा र दोश्रो पटक मिती २०७५/०३/०४ मा प्रकाशित मोटरसाईकल थान २८ लिलाम बिक्री गर्ने सम्बन्धि सुचना अनुसार निर्धारीत मिती समयमा कसैको पनी सिलबन्दी बोलपत्र दर्ता हुन नआएकोले उक्त मोटरसाईकलहरू जिल्ला अदालत नियमावली २०५२ को नियम ९०(क) को उपरनियम १० र ऐ.नियम ९०(ख) को उपनियम ५ अनुसार कानुनले तोकेका बिभिन्न कार्यालयहरूका प्रतिनिधिहरूको रोहवरमा देहाय अनुसार सिधै वार्ताद्वारा एकमुष्ट बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

१.वार्ताद्वारा बिक्रि गरिने मिती र समय र स्थानः-२०७५/०३/२५ गते दिउसो २.०० बजे देखि ५.०० बजेसम्म यस अदालतको जिन्सि शाखा ।

२) वार्तामा सहभागी हुने व्यक्ति वा संस्थाले मिती २०७५/०३/२५ दिउसो १.०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए करचुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखि निवेदन दस्तुर रू१००/- तिरी वार्तामा सहभागी हुन निवेदन दर्ता गर्नु पर्नेछ । ।

३) त्यसरी निवेदन दर्ता गराउने व्यक्तहरू मिती २०७५/०३/२५ गते दिउसो २.०० बजेदेखि ५.०० बजेसम्म सम्पन्न हुने वार्तामा स्वयं उपस्थित हुन पर्नेछ ।निवेदन दर्ता गराई सो मिती समयमा उपस्थित नहुने व्यक्ती वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारीत समयसम्ममा निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागी गराईने छैन ।

४) वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समय भित्र एउटामात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्वारा मुल्य कायम गरिने र एक भन्दा बढि व्यक्ति वा फर्म उपस्थित भएमा सहभागिहरू बिच लिलाम बढाबढको प्रकृया अपनाईनेछ ।सो प्रकृयामा सबभन्दा बढि अंक कवुल गर्ने व्यक्ति वा संस्थालाई मोटरसाईकाल बिक्री गरिनेछ । सो प्रकृया पृथक पृथक मोटरसाईकलको लागी पृथक पृथकनअपनाई २८ वटैको लागी एकमुष्ट अपनाईनेछ ।

५) वार्ता(लिलाम) मा आफुले कवुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्नेछ । वार्ता(लिलाम) सम्पन्न हुँदा सबभन्दा बढि अंक कवुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटि सोहि दिन फिर्ता गरिनेछ ।

६) वार्तामा सबभन्दा बढि कवुल गरेको अंक यस अघि कायम भएको न्युनतम् मुल्यांकन भन्दा कम भएमा सो मुल्यांकन भन्दा के कती प्रतिशतसम्म कम अंक सम्मको वोल अंक स्विकार गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहनेछ ।

७) अन्य कुरा यस अदालतबाट यस अघि प्रकाशित सुचना एवं प्रचलित कानुन बमोजिम हुनेछ